# पूर्वाञ्चल क्षेत्र

# मानवअधिकार स्थितिसूचक

वर्ष २, अङ्क ४

पुस २०६९

## विगत तीन महिनाको मानवअधिकार स्थिति

(अक्टोबर–डिसेम्बर २०१२)




## पूर्वाञ्चल क्षेत्रद्वारा सम्पन्न विविध क्रियाकलापहरू

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**पूर्वाञ्चल क्षेत्रीय कार्यालयद्वारा प्रकाशित**

**सल्लाहकार**
सोमराज थापा

**संयोजन/सम्पादन**
वेद ढकाल
दीपेन नेउपाने

**व्यवस्थापक**
शकुन्तला बराल
राजेन्द्र दाहाल
पिताम्बर न्यौपाने
गंगा दाहाल

**सहयोगी**
दिलिप चौधरी
भुवनेश्वर राजवंशी

विराटनगर उपनपा–१५ जनपथ टोल, मोरङ
फोन : ०२१–४७१०२५/४७११२७
फ्याक्स :०२१ ४७१५२१
email : biratnagar@insec.org.np
**Website:** www.inseconline.org

# सम्पादकीय

गत वर्षदेखि इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरले यस क्षेत्रको मानवअधिकार स्थिति बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रुपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ। पूर्वाञ्चलमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरुलाई प्रतिनिधिमूलक रुपमा यस प्रकाशनमा समेटिएको छ। स्थितिसूचकले यस क्षेत्रको मानवअधिकारको स्थिति बुझ्न सहयोग गर्नेछ भन्ने आशा लिइएको छ। यस प्रकाशनमा सन् २०१२ अक्टुबरदेखि डिसेम्बरसम्म तीन महिनामा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरुलाई समावेश गरिएको छ। पूर्वाञ्चल क्षेत्रका १६ ओटै जिल्लाका इन्सेक प्रतिनिधिहरुको प्रत्यक्ष अनुगमनबाट प्राप्त सूचनाको आधारमा यो प्रकाशन तयार गरिएको हो।

सन् २०१२ अक्टुबरदेखि डिसेम्बरको अवधिमा यस क्षेत्रको मानवअधिकार अवस्था सन्तोषजनक रहेन। राज्य पक्षको संलग्नता तथा राज्यको उपस्थितिको अभावमा राज्य जिम्मेवार र उत्तरदायी नहुँदा विधिको शासनलाई चुनौति दिँदै यस क्षेत्रमा मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटना भएका छन्। तीन महिनाको अवधिमा हत्या, अपहरण, कुटपिट, अमानवीय व्यवहार, बलात्कार र महिला तथा बालहिंसाका घटनाहरु भएका छन्। यस अवधिमा राज्य र गैरराज्यपक्षबाट कुल १ सय २५ जना पीडित भए। जसमा राज्य पक्षबाट १५ जना र गैरराज्यपक्षबाट १ सय १० जना पीडित भए। पीडित हुनेमा महिला ७८ जना र पुरुष ४७ जना रहेका छन्। तीन महिनामा २२ जनाको हत्या भयो जसमा महिलाको संख्या १२ रहेको छ। ३ जना अपहरित भएभने २२ जनामाथि कुटपिट भयो। राज्यपक्षबाट भएका कुटपिटका घटनामा ८ जना पीडित भए। गिरफ्तारी र यातनाका घटनामा चार जना पीडित भए। त्यसैगरी, जातीय विभेदका घटनाबाट चार जना पीडित भए। बालअधिकारसम्बन्धी घटनामा २२ जना पीडित भए भने महिला अधिकारसम्बन्धी घटनामा ३५ जना महिलाहरु पीडित भए।

राज्यपक्षको संलग्नता तथा उपस्थितिको अभावमा तथा राज्य र राजनीतिक दलहरु संवेदनशील नहुँदा पूर्वाञ्चल क्षेत्रमा मानवअधिकारको अवस्थामा सुधार आउन सकेको देखिदैन्। यस अवधिमा अधिकांश घटनाहरु गैरराज्यबाट भएका देखिन्छन्। यस्ता अधिकांश घटनाहरुका दोषीहरुलाई कानुनी दायरामा ल्याउन राज्य उदासिन रहेको देखिन्छ। यसैगरी महिला हिंसा तथा बलात्कारका घटनाहरु यस क्षेत्रमा सर्वाधिक रहेका छन्। यस्ता घटनाका धेरैजसो आरोपितहरुलाई कानुनी दायरामा ल्याइएको देखिदैन्।

पूर्वाञ्चल क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरुलाई क्षेत्रीय कार्यालयमार्फत नै प्रकाशन गरी मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरमा ल्याउन, पीडितलाई न्याय दिलाउन र राज्यलाई जिम्मेवार बनाउन यस तथ्यांकले मद्दत पु¥याउने आशा लिएका छौं। हामीले सरोकारवाला निकायहरु तथा आमसमुदायसम्म सही सूचना पु¥याउनका लागि गरेको यस प्रयासको लागि यहाँबाट अमूल्य सुझाव र सल्लाहको अपेक्षा राखेका छौं।

**सोमराज थापा**
**क्षेत्रीय संयोजक**

# पूर्वाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

**(०६९ असोज १५ गते तदनुसार अक्टोवर २०१२ देखि ०६९ पुस १६ डिसेम्बर २०१२ सम्म)**

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रुपले बाँच्न पाउँने अधिकार

### हत्या

#### झापा

महारानीझोडा गाविस-५ का ५५ वर्षीय भीम अधिकारीलाई सोही गाविस-४ की ३३ वर्षीया कल्पना विकले ०६९ असोज २७ गते राति आफ्नो घरमा यौन दुर्व्यवहार गर्न खोजेको आरोपमा धारिलो हतियारले काटेर घटनास्थलमा नै हत्या गरिन्। घटनापछि विक र उनकी देउरानी मन्जू विकले ०६० असोज २८ गते बिहान इलाका प्रहरी कार्यालय दमकमा आत्मसमर्पण गरे। जिल्ला अदालतको आदेशमा ०६९ कात्तिक २३ गतेदेखि कल्पना विक पुर्पक्षका लागि झापा कारागारमा थुनामा छन् भने मन्जु विक सोही दिन सादा तारेखमा रिहा भइन्।

#### इलाम

मङ्गलबारे गाविस-६ की ८ वर्षीया बालिका एन्जिला शेर्पाको सौतेनी आमा मनमती शेर्पाले २०६९ मङ्सिर २० गते कुटपिट गर्दा गम्भीर घाइते भएकोमा उनको मङ्सिर २१ गते मृत्यु भयो। एन्जिलाको ०६९ मङ्सिर २१ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सई लीलाबहादुर गुरुङले बताए। अह्राएको काम बालिकाले नटेरेपछि मनमतीले बाँसको भाटाले बालिकालाई निर्घात कुटपिट गरेकी थिइन्। लासको ०६९ मङ्सिर २१ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भएको थियो। मृतकका बुबा निङमा शेर्पा र सौतेनी आमा मनमायालाई ०६९ मङ्सिर २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू ०६९ पुस १८ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका थुनामा छन्।

#### मोरङ

विराटनगर उमनपा-४ गोग्राहकी घरेलु कामदार २७ वर्षीया उर्मिला राजवंशीको ०६९ असोज २२ गते हत्या गरेको आरोपमा सोही ठाउँ निवासी विराटनगरस्थित नेपाल बजारका अध्यक्ष ४० वर्षीय किरणसिंह बस्नेतलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित आरोपितको घरमा मृत अवस्थामाफेला परेकी थिइन्। पीडित ०६९ असोज २१ गते बिहान आफ्नो घरबाट जितिया पर्व मनाउन माइती घर झोराहाट हिँडेको पीडितका पति राजकुमार राजवंशीले बताए। प्रहरीले असोज २२ गते बिहान पीडितलाई आरोपितको घरमा मृत अवस्थामा फेला पारेको थियो। पीडित परिवारले पीडितको २१ गते नै हत्या भएको उजुरीमा उल्लेख गरेको थियो। पीडितको कोसी अञ्चल अस्पताल र धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम भएको थियो। पीडितका पति राजकुमार राजवंशीले ०६९ असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा हत्या गरेको आरोपमा आरोपितहरू विरुद्ध उजुरी दिए। घटनामा संलग्न भएको आरोपितमा प्रहरीले किरण, किरणका साँढुभाइ धीरज बस्नेत, साली इन्दिरा बस्नेतलाई घटना भएकै दिन गिरफ्तार गऱ्यो। आरोपितमध्ये किरण ०६९ कात्तिक २० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार कार्यालय मोरङमा थुनामा छन्। धीरज र इन्दिरा ०६९ असोज २५ गते पुनरावेदन अदालत बन्दीप्रत्यक्षकरणको आदेशमा रिहा भए। धीरज र ईन्दिरालाई जिल्ला अदालतले ०६९ मङ्सिर ५ गते पक्राउ पूर्जी जारी गऱ्यो। धीरज ०६९ मङ्सिर १२ गते जिल्ला अदालतमा उपस्थित भई सोही दिन सादा तारेखमा रिहा भए। ईन्दिरा उपस्थित भइनन्। जाहेरीमा बलात्कारपछि हत्या गरेको उल्लेख छ तर, प्रहरीले हत्या आरोपमा मुद्दा चलाएको थियो। घटनापछि आदिवासी जनजाति महासङ्घ मोरङ, राजवंशी एकता समाज र एकीकृत माओवादीले दोषीलाई कारबाही गर्न माग गर्दै विराटनगरमा जुलुश प्रदर्शन, जिल्ला प्रहरी र जिल्ला अदालतमा धर्ना दिएका थिए। खस क्षत्री एकता समाजले आरोपितलाई फसाइएको भन्दै विराटनगरमा प्रदर्शन गरेको थियो।

### धम्की/कुटपिट

### राज्यबाट

#### सुनसरी

इटहरी नपा-५ निवासी नेपाल नगरपालिका कर्मचारी एशोसिएशन एकाइ समिति इटहरीका अध्यक्ष ३५ वर्षीय गायत्री लम्साललाई इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत हवल्दार ३२ वर्षीय प्रगति चौधरीले ०६९ कात्तिक १७ गते घर जाँदै गर्दा इटहरीको मुलचौकमा लाठीले दाँया तिघ्रामा कुटेर घाइते बनाए। उनले आफ्नो उपचार स्थानीय सामूदायिक अस्पताल इटहरीमा गराएका थिए। बिनाकारण प्रहरीले कुटपिट गरेको भन्दै पीडितले ०६९ कात्तिक २० गते प्रहरीसहित विभिन्न निकायमा उजुरी गरे। इटहरी महोत्सव हेरेर परिवारसहित घर फर्कने क्रममा इटहरीको ग्रीनबेल्ट छेउमा इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत हवल्दार चौधरीले बिनाकारण लाठीले हात, खुट्टालगायतको ठाउँमा कुटपिट गरी घाइते बनाएको पीडितले बताए। पीडितले घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय इटहरी, राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगरलगायतको ठाउँमा उजुरी दिएको बताए। घटनामा संलग्न रहेको चौधरीलाई विभागीय कारबाहीका क्रममा काजफिर्ता गरिएको इस्पेक्टर सागर थापाले बताए।

#### धनकुटा

मोरङ जिल्लाको बयरवन गाविस-३ हरकपुर घर भई हाल धनकुटा नपा-६ दीपाचौक डेरा गरी बस्ने १५ वर्षीय रुविन दर्नाललाई ०६९ मङ्सिर ३ गते सादा पोशाकका प्रहरीले केही सोधपुछ गर्नुछ भन्दै धनकुटा नपा-६ मा रहेको एक पसलबाट

गिरफ्तार गऱ्यो। पीडितका बुबा रमेश दर्नालले प्रहरीले बिनाकारण चरम यातना दिई छोरालाई कुटपिट गरेको भन्दै दोषीलाई कारबाहीको माग गर्दै राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरमा ०६९ मङ्सिर १६ गते उजुरी दिए। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। कुटपिटबाट घाइते दर्नालको पैताला र घुँडामा असर परेको थियो। पीडित बालकलाई प्रहरीले ०६९ मङ्सिर ४ गते अभिभावकको रोहबरमा तारेखमा रिहा गऱ्यो। पीडित बालकले मोबाईलबाट फोन गरी धम्की दिने गरेको भन्ने सूचनाको आधारमा प्रहरीले सोधपुछको लागि गिरफ्तार गरेको र शारीरिक यातना नदिएको जिल्ला प्रहरी कार्यालयमा डिएसपी विष्णुबहादुर कार्कीले बताए। प्रहरीबाट यातना दिएको भए किटानीसहित उजुरी आएमा दोषी प्रहरीमाथि कारबाही गरिने जिल्ला प्रहरी कार्यालयका एसपी सूर्यप्रसाद उपाध्यायले बताए।

**सप्तरी**

राजविराज नपा-६ स्थित सिरहा रोडमा राति सादा पोशाकका प्रहरीहरूले राजविराज-६ का ५० वर्षीय श्यामनारायण देवलाई ०६९ कात्तिक १४ गते निर्घात कुटपिट गरी घाइते बनाए । उनको राजविराज अस्पतालमा प्राथमिक र थप उपचार विराटनगरस्थित न्यूरो अस्पतालमा भयो। श्यामको टाउको, अनुहार, हातको कुहिनालगायत १४ ठाउँमा चोट लागेकोले थियो। राति ९.०० बजे घरअगाडि मिरा टेलर्समा होहल्ला भएपछि घरबाट निस्किएका श्यामलाई सादा पोशाकका प्रहरीहरू र टेलर्सका प्रोपाइटर राजेश मण्डलले हेल्मेट र लात, मुक्काले कुटेका थिए। श्यामले जिल्ला प्रहरी कार्यालयमा कार्यरत सादा पोशाकका प्रहरी हवल्दार सिरहा भगवानपुर गाविसका सम्पतलाल यादव, प्रहरी हवल्दार सिरहा कल्याणपुर गाविसका प्रदीप यादव, प्रहरीहरू सप्तरी दिघवा गाविस-८ का अशोक यादव, सप्तरी राजविराज नपा-७ का वीरेन्द्र साह, सप्तरी बथनाहा गाविसका दीपेन्द्र यादव र मोरङ्ग विराटनगरका चन्द्र राजवंशीविरुद्ध ०६९ कात्तिक १९ गते जिल्ला अदालतमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

डिमन गाविस-३ निवासी सद्भावना पार्टीको क्षेत्रीय समितिका सचिव ३७ वर्षीय नवीनकुमार यादवलाई ०६९ कात्तिक २१ गते राति प्रहरी चौकी डिमनका असई रामप्रित साफीले प्रहरी चौकीभित्र निर्घात कुटपिट गरे। सात वर्षअघिको डाँका मुद्दामा डिमन प्रहरीले गिरफ्तार गरेका डाँडा गाविस-८ का अफरोज मियाका बारेमा ०६९ कात्तिक २१ गते राति ८:३० बजे सोधपुछ गर्न जाँदा आफूलाई नियन्त्रणमा लिई ढोका थुनेर लाठी र मुक्काले कुटपिट गरेको पीडितले बताए। स्थानीय गाउँले र आफन्तले असई साफीमाथि कारबाहीको माग गर्दै ०६९ कात्तिक २५ गते प्रहरी चौकीमा धर्ना दिए भने ०६९ कात्तिक २६ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र दिए। आरोपित असईकै खर्चमा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यादवको उपचार भएको थियो। पीडित ०६९ कात्तिक २९ गते उपचार गरी घर फर्किए। असई साफीलाई ०६९ कात्तिक २८ गते प्रहरी उपरीक्षक संजयसिंह बस्नेतले स्पष्टीकरण सोधेका थिए।

## एकीकृत माओवादीबाट

**संखुवासभा**

स्याबून गाविस-३ का २१ वर्षीय सूर्यबहादुर तामाङलाई ०६९ कात्तिक २४ गते एकीकृत माओवादीका कार्यकर्ता जलजला गाविस-६ निवासी २२ वर्षीय धीरज राई, २९ वर्षीय जगत राई, ३८ वर्षीय कृष्ण राई, ४२ वर्षीय कर्ण राई, जलजला गाविस-१ निवासी ४९ वर्षीय गङ्गा तामाङ, जलजला गाविस-५ निवासी ५० वर्षीय चन्द्रबहादुर न्यौपाने र जलजला गाविस-२ का ६० वर्षीय नीमा शेर्पाले ०६९ कात्तिक २४ गते अपहरण गरी खुकुरी प्रहार गर्ने प्रयास गरे। पीडितले आरोपितविरुद्ध ०६९ मङ्सिर २ गते प्रहरीमा उजुरी दिए। इलाका प्रहरी कार्यालय चैनपुरको आदेशमा जलजला प्रहरी चौकीले ०६९ मङ्सिर ८ गते दुवै पक्ष झिकाई पीडकले गल्ती स्वीकार गरी घटना नगराउने सर्तमा मिलापत्र गराइदिए। एकीकृत नेकपा माओवादीका जिल्लास्तरका नेता गंगा तामाङ, कर्ण राई र चन्द्रबहादुर न्यौपानेसमेत गरी १२ जनाको समूहले आफूलाई मार्न खोजेको पीडितले बताए। गंगा तामाङले पटकपटक मार्ने धम्की दिएपछि आफू भागेर केही दिन चैनपुरमा बसेको पीडितको भनाइ छ। मानवअधिकार वर्षपुस्तकको समीक्षा कार्यक्रममा सहभागी एमाओवादी जिल्ला सदस्य राजेन्द्र थापाले आफ्ना जिल्लास्तरका कार्यकर्ताको निर्देशनमात्र भएको तर धम्की र अपहरण गर्ने स्थानीय युवाहरू रहेको बताएका थिए। एमाओवादीले स्याबुन गाविस-५ मा रहेको रामेश्वर श्रेष्ठको अलैंची कब्जा गर्ने क्रममा सूर्यबहादुरले बाधा पुऱ्याउन खोजेकाले धम्की दिएको थापाले बताए।

## गैरकानुननी गिरफ्तार

**पाँचथर**

ओयाम गाविस-१ का २० वर्षीय सुमन राई, २१ वर्षीय डम्बर कार्की र २० वर्षीय रामु राईलाई ०६९ असोज २२ गते च्याङथापू गाविस-९ स्थित प्रहरी चौकीमा झैझगडा गरेको आरोपमा सई लेखेन्द्रबहादुर बस्नेतको कमाण्डमा रहेका प्रहरीले बन्दुकको कुन्दा, लाठी र मुक्काले शरीरको विभिन्न भागमा कुटपिट गरी यातना दिए। उनीहरूको पिठ्यूँ, चाक र ढाडमा एक महिनासम्म नीलडाम रहेको थियो। पीडितहरूले घरेलु उपचार गराएका थिए। कुटपिटपछि सईले पीडितबाट ४० हजार रुपियाँ क्षतिपूर्ति लिएका थिए। नागी गाविस-१ का ज्वाला इम्वुङ र ओयाम गाविस-७ का प्रकाश न्यौपानलेलाई कुटपिट गरेको आरोपमा गिरफ्तार गरी बयान लिने क्रममा यातना दिएको थियो। पीडितहरूले ०६९ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अधिकारकर्मी र सञ्चारकर्मी उपस्थितिमा घटनाबारे जानकारी गराएका थिए। आरोपितलाई कारबाही भएन। पीडितले

प्रहरीलाई जानकारी मात्र गराए। पीडितको घाउजाँच भएन।

**अभिव्यक्ति,भेला हुने र संगठित हुने अधिकार**
**(राजनीतिक सवतन्त्रता,स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**
**इलाम**

नेकपा एमालेका नेता तथा पूर्वसभामुख सुवास नेम्वाङलाई ०६९ मङ्सिर ४ गते बाँभ्mो गाविस-८ भालुटारमा नेकपा एमालेको गाउँ अधिवेशनमा जाँदै गर्दा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्को भ्रातृ सङ्गठन लिम्बूवान भोलेन्टियर्सका कार्यकर्ताहरूले प्रवेशमा रोक लगाए। कार्यक्रमस्थल नपुगी नेम्वाङ बाटोबाटै फर्किएका थिए। उक्त दिन एमालेको गाउँ अधिवेशन स्थगित भयो। लिम्बूवान भोलेन्टियर्सका जिल्ला कमाण्ड इन्चार्ज राजु राईद्वारा ०६९ मङ्सिर ३ गते जारी गरिएको विज्ञप्तिमा भोलेन्टियर्सले नेम्वाङलाई लिम्बूवानविरोधी र संविधानसभाका विगठनकर्ताको आरोप लगाउँदै इलामको क्षेत्र नं. २ मा प्रवेश गर्न रोक लगाइएको उल्लेख थियो। नेकपा एमालेले ०६९ मङ्सिर ६ गते विज्ञप्ति जारी गरी घटनाको भर्त्सना र घटनामा संलग्नलाई कारबाहीको माग गऱ्यो।

**सप्तरी**

लहान नपा-५ कि ३२ वर्षीया राजदा खातुन ०६९ कात्तिक २ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले लहान नगरपालिकाको कार्यालयमा घेराउ र तालाबन्दीको कार्यमा संलग्न भएका समयमा प्रहरीको लाठिचार्जमा घाइते भइन्। घाइते खातुनको नोबेल अस्पताल विराटनगरमा उपचार भएको थियो। पीडित खातुनका अनुसार लहान नगरपालिकामा आर्थिक अनियमितता र भ्रष्टाचार भएकोले सो सम्बन्धमा कार्यालय प्रमुखसँग छानबिन गर्न माग गरेकोमा प्रमुखले चासो नदेखाएपछि माग पूरा गराउन दबाब दिँदै सो तालाबन्दी गरेका थिए। सो सङ्गठनका अनुसार नपा कार्यालयमा एकीकृत सम्पति करमा अत्याधिक मात्रामा बृद्धि गरिएकोले सो बृद्धि गर्ने निर्णयसमेत फिर्ता लिनुपर्नेलगायतको माग रहेको उल्लेख गरे। काङ्ग्रेसका कार्यकर्ताहरूले गरेको सो विरोध कार्यमा आन्दोलनकारीको तर्फबाट प्रहरीलाई ढुङ्गा प्रहार भएपछि प्रहरीले प्रतिकार क्रममा लाठीचार्ज र अश्रुग्यास प्रहार गरेको थियो। सोही कममा प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट वडाप्रहरी कार्यालय लहानका असई नीरबहादुर खड्का घाइते भएका थिए। टाउकोमा चोट लागी घाइते भएका असई खड्काको लहान अस्पतालमा उपचार भएको थियो।

**यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार**
**सप्तरी**

राजविराज नपा-२ निवासी अनेरास्ववियु केन्द्रीय सदस्यद्वय ३२ वर्षीय अखिलेशकुमार झा र रायपुर गाविस-८ निवासी २७ वर्षीय दुर्गानन्द ठाकुरलाई ०६९ असोज २८ गते प्रधानमन्त्रीलाई कालोझण्डा देखाएको आरोपमा गिरफ्तार गरी प्रहरीले जिल्ला प्रहरी कार्यालयभित्र कुटपिट गऱ्यो। प्रहरी नियन्त्रणमा रहेका झा र ठाकुरलाई प्रहरी वेस क्याम्प लोहजराका सई कुलानन्द चौधरी, प्रहरी वेस क्याम्प पत्थरगाढाका असई रवीन्द्र चौधरी, जिल्ला प्रहरी कार्यालयका प्रहरी हवल्दार सुरेशप्रसाद यादव र प्रहरी जवान रामपुकार यादवले लाठी, बुट र मुक्काले कुटपिट गर्नुका साथै अमानवीय व्यवहार गरे। शरीरभरि नीलडाम र चोटपटक लागेका घाइते झा र ठाकुरको राजविराजस्थित अस्पताल र धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। कारवाहीस्वरूप प्रहरी हवल्दार सुरेश र प्रहरी जवान रामपुकारको दुई वर्ष पदोन्नति रोक्का भयो भने सई कूलानन्द र असई रवीन्द्रलाई सचेत गराइयो।

**बालअधिकार**
**बलात्ककारपछि हत्या**
धनकुटा

मारेककटहरे गाविस-४ पारिखाप्राङ स्थायी घर भई परेवादिन गाविस-७ नाम्जाङस्थित दिदी भिनाजुको घरमा बस्ने ११ वर्षीया बालिका मन्दिरा कटुवालको ०६९ मङ्सिर १३ गते बलात्कारपछि हत्या भयो। स्थानीय बासिन्दाले ०६९ मङ्सिर १४ गते घरनजिकैको जङ्गलमा उनको लास फेला पारेर प्रहरीलाई खबर गरेका थिए। लासको मङ्सिर १५ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। सोही दिन मृतकका काका ५० वर्षीय एत्नबहादुर कटुवालले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। परेवादिन गाविस-७ का ६५ वर्षीय पहलमान घिमिरे, २० वर्षीय योगेन्द्र घिमिरे र ४० वर्षीया लक्ष्मी घिमिरेलाई हत्याको आशङ्कामा प्रहरीले ०६९ मङ्सिर २० गते घरैबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतबाट ०६९ मङ्सिर २९ गते पुन: म्याद थप गरिएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**बलात्कार, बलात्कार प्रयास,यौन दुर्व्यवहार**
**झापा**

एक ११ वर्षीया सुस्त मनस्थितिकी बालिकालाई ०६९ कात्तिक ५ गते साँझ इलाम जिल्ला मङ्गलबारे गाविस- ३ घर भई गरामनी-२ मा डेरा गरी बस्ने ३४ वर्षीय भवानीकुमारसिंह राईले पीडितकै घरनजिकै बलात्कार गरको आरोपमा पीडित परिवारले सोही दिन प्रहरीमा उजुरी गऱ्यो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ कात्तिक २३ गते आरोपित जिल्ला कारागार झापामा थुनामा रहेका छन्।

**इलाम**

एक १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ असोज २८ गते साङरुम्बा गाविस-१ का १८ वर्षीय अर्जुन लाम्गादेलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पताल इलाममा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित जिल्ला

अदालत इलामको आदेशमा ०६९ कात्तिक २३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। आरोपित लाम्गादेले ०६९ असोज २६ गते घरमा एक्लै भएको अवस्थामा बलात्कार गरेको स्थानीयले बताए।

**मोरङ**

एक १५ वर्षीया बालिकालाई ०६९ मङ्सिर १७ गते बबियाबिर्ता गाविस-३ का २० वर्षीय प्रवीण गिरीले बलात्कार गरेको आरोपमा पीडित पक्षले मङ्सिर २६ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दियो। । पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

**सुनसरी**

एक १६ वर्षीया बालिकालाई  औरावनी गाविस-२ का २० वर्षीय कमल चौधरी, १९ वर्षीय अजीत चौधरी र १९ वर्षीय बालकृष्ण चौधरीले ०६९ पुस ५ गते स्थानीय मेला हेरेर घर फर्कने क्रममा बाटो छेकी नियन्त्रणमा लिएर धानखेतमा लगी सामूहिक बलात्कार गरेको आरोपमा  पीडित परिवारले सोही दिन इलाका प्रहरी कार्यालय दुहबीमा जाहेरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा भएको थियो। घटनाका आरोपितहरू फरार रहेकाले उनीहरूको खोजी भइरहेको इन्स्पेक्टर सुमन तिम्सिनाले बताए। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न आरोपितहरू गिरफ्तार भएनन् ।

**तेह्रथुम**

एक १५ वर्षीया बालिकालाई ०६९ कात्तिक १५ गते जिरीखिम्ती गाविस-९ का १९ वर्षीय किशोरकुमार बर्देवा दमाईले सुङनाम गाविस-८ तिनजुरेको जङ्गलमा घुमाउन लैजाने बहानामा बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ कात्तिक १७ गते उजुरी दियो। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा ०६९ कातिक १६ गते उपचार भयो। प्रहरीले कात्तिक १७ गते आरोपितलाई गिरफ्तार गर्‍यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ कात्तिक २७ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

**भोजपुर**

एक पाँच वर्षीया बालिकालाई ०६९ कात्तिक २८ गते पात्लेपानी गाविस-३ १८ वर्षीय आनन्द राईले बलात्कार गरेको आरोपमा राईलाई इलाका प्रहरी कार्यालय घोडेटारले ०६९ कात्तिक २९ गते गाउँबाटै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भोजपुरमा पठायो । पीडितको घरमा कोही नभएको समयमा आरोपितले नियन्त्रणमा लिएर बलात्कार गरेका कारण बालिका गम्भीर घाइते भएकी पीडितपक्षले जनायो । पीडितको कात्तिक ३० गते भोजपुर अस्पतालमा भयो। बालिकाको भोजपुर अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि ०६९ मङ्सिर १ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरियो। बालिकाको उपचारपछि गाउँमै रहेकी छन्। आर्थिक अवस्था कमजोर भएकी बालिकाको उपचारका लागि सोल्टी युनाईटेड भोजपुरले १० हजार, जिल्ला प्रहरी कार्यालयले २ हजार, महिला तथा बालबालिका कार्यालयले २ हजार र भोजपुर अस्पतालले २ हजार रुपियाँ आर्थिक सहयोग गरेका थिए। जिल्ला अदालत भोजपुरको आदेशमा ०६९ मङ्सिर २० गतेदेखि आरोपित जिल्ला कारागार कार्यालय भोजपुरमा पुर्पक्षको लागि थुनामा छन्।

**ओखलढुङ्गा**

एक १० वर्षीया बालिकालाई पलापू गाविस-६ का २२ वर्षीय कुमार भनिने रुद्रबहादुर सार्कीले ०६९ असोज २५ गते राति ९.०० बजे घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको आरोपमा प्रहरीले सार्कीलाई प्रहरी चौकी पलापूको केन्द्र टोलीले ०६९ असोज २६ गते गाउँलेको सहयोगमा गिरफ्तार गर्‍यो । पीडितको इलाका स्वास्थ्य ओखलढुङ्गामा ०६९ असोज २७ गते स्वास्थ्य परीक्षण र उपचार भएको थियो।। प्रहरीले जबरजस्ती करणीमा असोज २९ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको ०६९ कात्तिक १७ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।  यो वर्षको अन्त्यसम्ममा  सो मुद्दाको फैसला भएन।

धनकुटा

कुरुलेतेनुपा गाविस-३ का सात वर्षीय शरण बुर्जामगरलाई ०६९ मङ्सिर २२ गते साँझ सोही ठाउँका २७ वर्षीय हर्कबहादुर मगरले ढुङ्गा प्रहार गरी हत्या गरे। मृत्तककी आमा ३१ वर्षीया गीता मगरले जिल्ला प्रहरी कार्यालयमा ०६९ मङ्सिर २४ गते उजुरी दिइन्।  जिल्ला अस्पतालमा ०६९ मङ्सिर २४ गते लासको पोस्टमार्टम भयो। आरोपितलाई प्रहरीले ०६९ मङ्सिर २३ गते घरैबाट गिरफ्तार गर्‍यो। अनुसन्धानको क्रममा बालकको आमासँग हर्कबहादुर कुराकानी गरिरहेको बेलामा बालकले अवरोध गरेको भन्दै आवेगमा आएर आफूले बालकको हत्या गरेको आरोपितले बताएको डिएसपी विष्णुबहादुर कार्कीले बताए।

**सप्तरी**

नर्घो गाविस-१ पूर्वारी टोल निवासी राजविराज नपा-७ स्थित प्राइम होलिक्रस एकेडेमीमा कक्षा ६ का १३ वर्षीय बालक सन्दीपकुमार मण्डललाई ०६९ पुस ५ गते सो विद्यालयका प्रिन्सिपल सञ्जयकुमार शर्माले गृहकार्य नगरेका आरोपमा कुटपिट गरे। प्रिन्सिपल  शर्माले विद्यालयमा रहेको रुखमा हात बाँधेर बाँसको लौराले कुटपिट गरेका थिए। पीडितको पिठ्यु, खुट्टा र पाखुरामा नीलडाम लागेको थियो। प्रिन्सिपल शर्माले भने विद्यार्थी सन्दीपले विद्यालयका शिक्षक दीपककुमार ठाकुरलाई धम्की दिएकाले रुखमा हात बाँधेर छडीले कुटेको बताए। शिक्षक ठाकुरले ०६९ पुस ५ गृहकार्य नगरेकै  विषयमा सन्दीपलाई कुटेका थिए। जिल्ला बाल कल्याण समितिले घटनाको भत्सर्ना गर्दै आवश्यक

कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई पत्र पठायो। यो वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारबाही भएको छैन।

**उदयपुर**

एक नौ वर्षीया बालिकालाई ०६९ असोज ९ गते हडिया गाविस-२ का २१ वर्षीय सन्तोष परियारले घरैमा बलात्कार गरेको भन्दै पीडितपक्षले ०६९ असोज २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घरमा बसिरहेका बेला प्रलोभनमा पारी डर त्रास देखाउदै आरोपितले बालिकालाई बलात्कार गरेको पीडितका आफन्तले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भएको थियो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

## बालबालिका ओसारपसार

**सप्तरी**

कुशहा गाविस-४ कि १४ वर्षीया बालिकालाई ललाइफकाइ ०६९ पुस ८ गते पटेर्वा गाविस-८ घर भई पीडित बालिकाको घरमा डेरा लिई सुनचाँदीको पसल सञ्चालन गर्दै आएका २५ वर्षीय बिमलकिशोर गुप्ता विश्वकर्माले बारा जिल्लाको सिमरा पुऱ्याए। पीडितलाई आरोपितले बाराको सिमराबाट अन्यत्र लैजाने क्रममा बारा जिल्ला प्रहरी कार्यालयको सहयोगमा ०६९ पुस १६ गते प्रहरीले उद्धार गऱ्यो। पीडित बालिकालाई ०६९ पुस १७ गते उनका आफन्तको जिम्मा लगाइयो। इलाका प्रहरी कार्यालय कल्याणपुरले ०६९ पुस १७ गते विश्वकर्माविरुद्ध मानव बेचबिखन मुद्दा दर्ता गऱ्यो।

**उदयपुर**

त्रियुगा नपा-३ दुर्गा टोलकी १५ वर्षीया एक बालिकालाई ०६९ मंसिर २५ गते सप्तरी जिल्लाको रूपनगर गाविस-५ का २० वर्षीय जीतेन्द्रकुमार साहले ललाइफकाइ बेचबिखन गर्ने उद्देश्यले लादैं गर्दा बालिकालाई सप्तरी जिल्लाको पिप्रा पश्चिम गाविसस्थित स्कुल टोलबाट आफन्तले उद्धार गरी प्रहरीलाई बुझाए। प्रहरीले अड्डासार गर्दै बालिकालाई उदयपुर ल्याएर आफन्तको जिम्मा लगायो। बालिकाका आफन्तले ०६९ मंसिर २६ गते आरोपित मानवबेचबिखनमा संलग्न रहेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०६९ मङ्सिर २६ गते गिरफ्तार गऱ्यो। ०६९ पुस २३ गते जिल्ला सरकारी वकिल कार्यालयमा पेश गरिएकोमा २४ गतेको अदालतको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**झापा**

एक २६ वर्षीया महिलालाई ०६९ पुस १० गते साँझ बुधबारे बजारबाट घर फर्कँदै गर्दा शान्तिनगर गाविस-१ का २६ वर्षीय निर्मल राईले घर छेउमा रहेको चिया बगानमा बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो।

**इलाम**

एक २५ वर्षीया महिलालाई ०६९ मङ्सिर ५ गते स्थानीय चुलाचुली गाविस-७ निवासी भानु निमाविका व्यवस्थापन समितिका अध्यक्ष ३५ वर्षीय बुद्धिबहादुर सम्बाहाम्फेले बलात्कार गरेको आरोपमा उनलाई ०६९ मङ्सिर ९ गते प्रहरीले गिरफ्तार गऱ्यो । स्थानीय बासिन्दाले ०६९ कात्तिक २८ गते प्रहरी चौकी चुलाचुलीमा उजुरी दिएका थिए। आरोपित जिल्ला अदालत इलामको आदेशमा ०६९ मङ्सिर २६ गतेदेखि पुर्पक्षका लागि झापा जिल्ला कारागारमा थुनामा छन्।

**पाँचथर**

एक ३१ वर्षीया एक महिलालाई ०६९ कात्तिक १५ गते रानिटार गाविस-२ का ३० वर्षीय राजु गुरुङले बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६९ कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६९ कात्तिक १८ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १३ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्। पीडितको स्वास्थ्य परीक्षण भएन।

**मोरङ**

एक बौद्धिक अपाङ्गता भएकी ५१ वर्षीया महिलालाई ०६९ पुस ५ गते बलात्कार गरेको आरोपमा प्रहरीले लेटाङ गाविस-४ का ५४ वर्षीय अम्बरबहादुर कार्कीलाई ०६९ पुस ६ गते गिरफ्तार गऱ्यो। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शिवकुमार श्रेष्ठका अनुसार आरोपित पीडितको घरैमा गएर बलात्कार गरेका थिए। यो वर्षको अन्त्यसम्म मुद्दाको टुंगो लागेको छैन।

**सप्तरी**

एक २४ वर्षीया एक महिलाले ०६९ मंङ्सिर २७ गते साँझ ७:३० बजे घरमा एक्लै बसिरहेको बेला बमनगामा कट्टी गाविस-१ का ३१ वर्षीय भोगीलाल मण्डलले यौनजन्य दुव्यर्वहार गरेको आरोपमा ०६९ पुस २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीमा पीडितले पति रोजगारका लागि दुबई गएको र आफू घरमा एक्लै बसिरहेको अवस्थामा घर आएका मण्डलले प्रेम प्रस्ताव राख्दै अश्लील शब्द प्रयोग गरी जबरजस्ती अनुचित व्यवहार गर्ने प्रयास गरेको उल्लेख गरेकी छन्। प्रहरीले घटनाको अनुसन्धान र आरोपितको खोजी भइरहेको जनायो।

**सिरहा**

एक २२ वर्षीया सुस्तमनस्थितिकी युवतीलाई धनगढी गाविस-९ मुसहरनियाका वीरेन्द्र साह र सुरेश साहले ०६९ पुस १६ गते सामूहिक बलात्कार गरे। आरोपितहरु फरार छन्। पीडित दिउँसो १२ वजे गाउँनजिकै चौरीमा बाख्रा चराउन गएको बखत ती युवाहरूले सामूहिक बलात्कार गरेको पीडितका परिवारले बतायो। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर ढकेन्द्र खतिवडाले पीडित युवतीलाई स्वास्थ्य परीक्षणको लागि सगरमाथा अञ्चल अस्पताल, राजविराज पठाइएको र आरोपितहरूको खोज तलास जारी रहेकोले चाडै गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाउने बताए।

**उदयपुर**

एक २५ वर्षीया महिलाले ०६९ मङ्सिर ८ गते सोरुङ छबिसे गाविस-२ का ३२ वर्षीय देवबहादुर सुनुवारले सोही गाविस-२ स्थित ठेलाबोटे भन्ने स्थानको झाडीमा बलात्कार गरेको भन्दै ०६९ मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई मङसिर १९ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९पुस १४ गते पुर्पक्षका लागि उदयपुर कारागारमा थुनामा छन्।

**खोटाङ**

एक ६० वर्षीया एक बृद्धालाई ०६९ कात्तिक १ गते राति सोही ठाउँका २९ वर्षीय तोयानाथ कोइरालाले बलात्कार गरेको आरोपमा पीडितले ०६९ असोज १६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। घरमै सुतिरहेकी बृद्धालाई आरोपित कोइरालाले बलात्कार गरेको पीडितले बताइन्। स्थानीय स्वास्थ्य चौकीमा उपचार गरिएपछि पीडितको स्वास्थ्य अवस्था सामान्य भएको थियो। फरार आरोपित कोइरालाको नाममा जिल्ला अदालतले ०६९ मङ्सिर १० गते वारेन्टसहितको म्यादी पूर्जी जारी गऱ्यो। आरोपित यस वर्षको अन्त्य सम्म गिरफ्तार भएनन्।

## घरेलु हिंसा

### परिवारजनबाट

शरणामती गाविस-५ की ३५ वर्षीया सञ्चलक्ष्मी लिम्बूलाई ०६९ कात्तिक १५ गते साँझ पति ३८ वर्षीय सुखराज लिम्बूले छिमेकीको गाई गोठमा टाउको तथा शरीरमा खुकुरीले काटेर घाइते बनाएकोमा सोही राति सञ्चलक्ष्मीको उपचारको क्रममा दमकस्थित लाईफलाईन अस्पतालमा मृत्यु भयो। आरोपित लिम्बूलाई सोही रात सुरु ा गाविस-५ बाट भाग्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर ११ गतेदेखि आरोपित झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

**पाँचथर**

ओयाम गाविस-७ की ३४ वर्षीया आशा लिम्बूले हेरचाह नगरेको भन्दै पति ३२ वर्षीय घनेन्द्र न्यौपानेविरुद्ध ०६९ मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालयमा पाँचथरमा उजुरी दिइन्। आफू गर्भवती हुदाँदेखि नै झापा जिल्लाको बिर्तामोड पुऱ्याएर हेरचाह गर्न छोडेको र ०६८ मङ्सिर १ गते इलाका प्रहरी कार्यालय अनारमनी झापामा एक महिनाभित्र विवाह दर्ता र भरणपोषणको व्यवस्था गर्ने कागजात बनाएको पीडितको भनाइ छ। पाँच महिनाको छोरीसहित विर्तामोडकी एक महिलाको आश्रयमा र केही समय महिला तथा बालबालिका कार्यालयद्वारा फिदिममा सञ्चालित हिंसापीडितका लागि अल्पकालीन सेवा केन्द्रमा बसिन्। हाल सदरमुकाम फिदिममा आफन्तकोमा बसेकी छन्। आरोपितउपर यस वर्षको अन्त्यसम्म कारबाही भएको छैन र पीडितले न्याय पाएकी छैनन्।

**मोरङ**

टाँडी गाविस-६ की ७५ वर्षीया रनमाया राईलाई ०६९ पुस ९ गते उनका पति ७१ वर्षीय तीलबहादुर राईले फलामे फरुवाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले उनलाई ०६९ पुस ११ गते गिरफ्तार गऱ्यो। गम्भीर घाइते पीडितको उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा घटना भएकै दिन मृत्यु भएको थियो। घरायसी विवादमा सो घटना भएको इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर ढुण्डीराज न्यौपानेले बताए।

सुनसरी

पाँचकन्या गाविस-५ की ३१ वर्षीया मैयादेवी बस्नेतको ०६९ कात्तिक १८ गते पति ४० वर्षीय बलबहादुर बस्नेतले घरबाट धरानतर्फ दूध बेच्न जाँदै गर्दा सोही गाविसस्थित निसाने डाडाँको जङ्गलमा दाउराले टाउको तथा शरीरमा प्रहार गरी हत्या गरे। लासको पोस्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितले घटनापछि सोही जङ्गलमा आत्महत्या गरेका थिए।

**संखुवासभा**

नुम गाविस-७ आम्राङकी २८ वर्षीया सुखमाया राइलाई पति ४४ वर्षीय दिलबहादुर राईले ढुङ्गाले टाउकोमा प्रहार गरी ०६९ कात्तिक ४ गते हत्या गरे। आरोपित दिलबहादुरका भाइ युवराज राईले ०६९ कात्तिक ६ गते कारबाहीका लागि प्रहरीमा उजुरी दिएपछि घटना सार्वजनिक भएको थियो। जिल्ला प्रहरी कार्यालयले ०६९ कात्तिक १४ गते कर्तव्य ज्यान महलमा मुद्दा दर्ता गऱ्यो। अरोपित दिलबहादुर यस वर्षको अन्त्यसम्म फरार छन्।

सप्तरी

रूपनगर गाविस-८ की ३५ वर्षीया पवित्रादेवी महतो

०६९ असोज २९ गते घरमा मृत अवस्थामा फेला परिन्। पत्नीको मृत्युलगत्तै मृतकका पति लेलाई महतो फरार भएपछि गाउँलेले हत्याको अनुमान गरेको थियो। लासको पिठ्युभरी बाँसको चिर्पटको निलडाम कारण पीडितको हत्या प्रहरीले अनुमान गरेको छ। लेलाईले सधैं रक्सी खाएर पत्नीलाई कुटपिट गर्ने गरेको छिमेकीहरूले बताए। लासको पोस्टमार्टम ०६९ असोज २९ गते राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा भयो। लास मृतककी जेठाजु कञ्चनपुर गाविस-९ का गोपाल महतो र सासु जहदी कोइरी महतोले लास बुझेका थिए।

**सिरहा**

तरेगाना गोविन्दपुर गाविस-७ कि २८ वर्षीया सनेचरी खातुनलाई ०६९ मङ्सिर १६ गते उनका पति सहमद मियाँले कुटपिट गरे। खातुनको लहानस्थित गणेश क्लिनिकमा उपचारकै क्रममा मङ्सिर १७ गते मृत्यु भयो। पीडित महिलालाई घरमा घरखर्चसम्बन्धी विवाद भएपछि उनका पतिले कुटपिट गरेका थिए। सोही क्रममा वडा प्रहरी कार्यालयले उपचारमा संलग्न स्वास्थ्यकर्मी गणेश साह र उनका पति सहमद मियाँलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जनायो। लासको लहान अस्पतालमा ०६९ मङ्सिर १८ गते पोस्टमार्टम भएको थियो। लास परिवारलाई जिम्मा लिएका थिए। मृतकका दाजुले स्वास्थ्यकर्मी माथि शङ्का रहेको कारण उजुरीको आधारमा पक्राउ गरिएको वडा प्रहरी कार्यालयले जनायो। ०६९ पुस ११ गते जिल्ला अदालतको आदेशमा सहमद मियाँ पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन् भने स्वास्थ्यकर्मी गणेश साह ३० हजार रुपियाँ धरौटीमा रिहा भएका थिए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

## संरचना, सम्पत्ति क्षति, सम्पति कब्जा

## नेकपा माओवादीबाट

**इलाम**

श्रीअन्तु गाविस-४ स्थित गणेश हिमाल चिया कारखानामा ०६९ असोज ३० गते राति नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरे। उक्त घटनामा संलग्न भएको आरोपमा माओवादीका जिल्ला सह -सेक्रेटरी ३५ वर्षीय नरेन्द्र जवेगू र २८ वर्षीय जिल्ला सदस्य पवन शङ्कर (निसान) लाई प्रहरीले गिरफ्तार गऱ्यो। जीतपुर गाविस घर भएका जवेगूलाई ०६९ कात्तिक २० गते इलाम सदरमुकामबाट र गोदक गाविस घर भएका शङ्करलाई घरबाटै २१ गते प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरूलाई तयारी चिया नष्ट गरेको, नगद र मोबाईल सेट पनि लुटपाट गरेको आरोप छ। आगजनीबाट २ हजार ५ सय किलो तयारी चिया नष्ट हुँदा २४ लाख रुपियाँ मूल्य बराबरको क्षति भएको थियो। गिरफ्तारपछि सहसेक्रेटरी जवेगूले पार्टीको योजनाबमोजिम आफूहरूले घटनामा संलग्न भएको स्वीकार गरे। उनीहरू जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १४ गतेदेखि झापा जिल्ला कारागारमा थुनामा छन्।

## एकीकृत माओवादीबाट

**भोजपुर**

दलगाउँ गाविस-१ का चारजना स्थानीय बासिन्दाको ४० रोपनी जग्गामा उत्पादित ३० मुरी धान एकीकृत माओवादीका कार्यकर्ताले ०६९ मङ्सिर १९ गते कब्जामा लिए। फलेको धान उठाउन आएका श्याम सुवेदी एकीकृत माओवादी कार्यकर्ताले जग्गा पार्टीको कब्जामै रहेको बताएपछि खालीहात फर्कन बाध्य भएका थिए। सशस्त्र द्वन्द्वका समयमा कब्जा गरेको जग्गा फुकुवा गर्न नआएको भन्दै एकीकृत माओवादीको जिल्ला सम्मेलन आयोजक समितिका सदस्य गोपाल तिमल्सेना 'शिशिर शर्मा' को नेतृत्वमा तीनजनाले स्थानीय श्याम सुवेदी, चुडाराज सुवेदी, पुरुषोत्तम सुवेदी र कृष्ण सुवेदीको खेतमा उत्पादित धान ०६९ मङ्सिर १९ गते कब्जामा लिएका थिए। सशस्त्र द्वन्द्वका समयमा कब्जा गरेर घरको चल सम्पत्ति लुटपाट गरेपछि माओवादी कार्यकर्ताले उनीहरूको घर, खेतबारीसमेत कब्जा गरेको घोषणा गरेका थिए। कब्जा जग्गा फिर्ता माग्दा माओवादीले विभिन्न सर्त राखेर नमानेको पीडित पक्षले जनायो। एकीकृत माओवादीका जिल्ला सम्मेलन आयोजक समितिका सदस्य राजेश खतिवडाले जग्गाधनी कब्जा जग्गा फुकुवाका लागि नआएकाले पार्टीको नियन्त्रणमा रहेको जग्गाको धान उठाइएको बताए। जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएस्पी युवनारायण वैद्यले धान कब्जा गरेको सम्बन्धमा पीडितपक्षले उजुरी नगरेकाले पीडकपक्षलाई कारबाही गर्न नसकिएको बताए।

## अज्ञातबाट

**सप्तरी**

राजविराज नपा-४ स्थित राजविराज मोडल क्याम्पसमा ०६९ असोज २५ गते राति ८ बजे अज्ञात समूहले आगजनी गऱ्यो। क्याम्पस सुरक्षार्थ बस्ने गरेका सुरक्षा गार्ड सदानन्द यादव खाना खान गएको समयमा ती युवाले झ्यालको सिसा फुटाली पेट्रोल छर्केर पुस्तकालयमा आगो लगाएर भागेका थिए। घटनामा एक/एक थान कम्प्युटर प्रिन्टर, मोनिटर, सिपीयु, काठको ऱ्याक र सोमा रहेको केही गेसपेपरहरू र रजिष्ट्रेशनफर्म जलेर नष्ट भयो। आगजनी गर्नेहरू बारे हालसम्म केही पत्ता लागेको छैन।

# पूर्वाञ्चल क्षेत्रमा सम्पन्न विविध क्रियाकलापहरू

## मानवअधिकारसम्बन्धी कार्यशाला सम्पन्न

इन्सेक क्षेत्रीय कार्यालयको आयोजनामा *मानवअधिकारका सवाल र राष्ट्रसेवक कर्मचारीहरुको भूमिका विषयक* कार्यशाला ०६९ कातिक २७ गते विराटनगरमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला अदालत, विराटनगर पुनरावेदन अदालत, जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय, हुलाकलगायत कार्यालयका २९ जना राष्ट्रसेवक कर्मचारीको उपस्थिति रहेको थियो।



कार्यक्रममा राष्ट्रसेवक कर्मचारीहरुको भूमिका, अधिकार, सुशासन र लोकतन्त्रमा कर्मचारीहरुको भूमिकालगायतका विषयमा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय, विराटनगरका प्रमुख कोषराज न्यौपाने, अभियान नेपालका अध्यक्ष केशव दाहाल र इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले सहजीकरण गर्नुभएको थियो। कार्यक्रमको समापनमा प्रमुख जिल्ला अधिकारी तारानाथ गौतम र मोरङ एसपी नीरकुमार शाहीले आ-आफ्नो भनाइ राख्नुभएको थियो।

## मानवअधिकार दिवस मनाइयो

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा विभिन्न सघसंस्थाहरुको संलग्नतमा ०६९ मङसिर २५ गते विराटनगरमा



र्‍याली निकालियो। नेपाल बार एसोसिएसनको आयोजना तथा पूर्वाञ्चल मानवअधिकार सञ्जालको संयोजनमा निकालिएको उक्त र्‍याली मानवअधिकारको रक्षा, दण्डहीनताको अन्त्यलगायतका नारा लेखिएका प्लेकार्डसहित वीरेन्द्र सभागृहबाट शुरु भएको थियो। र्‍यालीमा मानवअधिकार तथा सामाजिक संघसंस्थाका करिब ४०० जनाको सहभागिता रहेको थियो। सोही दिन इन्सेक सप्तरी र समग्र जनउत्थान केन्द्र लहानको संयुक्त आयोजनामा *मानवअधिकारको अवस्था विषयक अन्तरक्रिया* ०६९ मंसिर २५ गते राजविराजमा सम्पन्न भयो। झापामा इन्सेक र मानवअधिकार सञ्जालको आयोजनामा ०६९ मङसिर २५ गते विर्तामोडमा र्‍याली निकालिएको थियो।

## शैक्षिक संस्थामा मानवअधिकार शिक्षा

इन्सेक क्षेत्रीय कार्यालय विराटनगरको आयोजनामा ०६९ मङ्सिर २९ गते विराटनगरस्थित विराट हेल्थ कलेजमा शैक्षिक संस्थामा मानवअधिकार शिक्षा विषयक कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रममा स्नातकतहका मानविकी र व्यवस्थापन कक्षाका ९० जना विद्यार्थी सहभागी भएका थिए। सोही दिन आदर्श कलेज विराटनगरमा शैक्षिक संस्थामा मानवअधिकार शिक्षा कार्यक्रम आयोजना गरिएको थियो। सो कार्यक्रममा १२ कक्षाका




५८ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो। इन्सेक क्षेत्रीय संयोजक सोमराज थापा र जिल्ला प्रतिनिधि दीपेन नेउपानेले कार्यक्रमहरुको सहजीकरण गरेका थिए।

## सरोकारवालासंग अन्तरक्रिया

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा *नागरिकको स्वास्थ्य अधिकारका लागि सरोकारवालाहरुको भूमिका* विषयक अन्तरक्रिया ०६९ मंसिर १८ गते विराटनगरमा सम्पन्न भयो। इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रमका इन्सेक अध्यक्ष सुवोधराज प्याकुरेल, मोरङ प्रमुख जिल्ला अधिकारी तारानाथ गौतमसहित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, कोसी अञ्चल अस्पताल विकास समितिका




अध्यक्ष वालेश्वर कामत, मेडिकल सुपरिटेन्डेण्ट एसएन झा, मेडिकल एसोसिएसन अध्यक्ष नारायण कुमारसहित प्राइभेट नर्सिङ होमका प्रमुखहरु रहेका थिए। कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ अधिकृत नवराज सुब्बाले *राष्ट्रिय स्वास्थ्य नीति, कार्यान्वयनको स्थिति विषयक* कार्यपत्र प्रस्तुत गरेका थिए।

## मानवअधिकारमैत्री योजनानिर्माण

मानवअधिकारमैत्री योजना निर्माणका लागि ०६९ मङ्सिर १६ गते मोरङको बैजनाथपुर गाविसमा बैठक सम्पन्न भयो। कार्यक्रममा नेपाली काग्रेसकी पूर्वसभासद् भोट्नीदेवी खवाससहित राजनीतिक दलका प्रतिनिधि, गाविसस्तरीय महिला सञ्जाल, वडास्तरीय महिला सञ्जाल, गाविसका पदाधिकारी, नारी विकासका पदाधिकारी, अस्थायी प्रहरी चौकीका इन्चार्ज, सार्वजनिक माविका शिक्षक, बालअधिकार चेतना समुहका विद्यार्थीलगायत आमा समूहका अगुवा महिलाहरुको सहभागितामा रहेको थियो।




यसैगरी झापास्थित अर्जुनधारा गाविसमा मानवअधिकारमैत्री योजनानिर्माण बैठक ०६९ मङसिर १९ गते सम्पन्न भयो। कार्यक्रममा राजनीतिक दल, स्थानीय प्रहरी र संघसंस्थाका प्रमुख प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा मानवअधिकारमैत्री बजेट नभएकोले बजेट बनाउनको लागि समुदायका अगुवा व्यक्तिहरुले खवरदारी गर्नुपर्ने, मानवहितका लागि काम गर्ने संघसंस्थाहरुले निर्माण गरेको कामले विभेदरहित बजेटको निर्माण सम्बन्धमा सहभागीहरुले आ-आफ्नो भनाइ राखेका थिए।

मानवअधिकारमैत्री योजना निर्माणका लागि फलोअप कार्यक्रम मोरङको लखन्तरी गाविस गाविसमा ०६९ मंसिर २८ गते, टंकीसिनुवारी गाविसमा पुस २ गते र हात्तिमुडा गाविस भवनमा पुस ६ गते सम्पन्न भयो। त्यसैगरी, इन्सेक झापाको आयोजना र गाविसहरुको सहकार्यमा गाविसस्तरीय सरोकारवालासँग मानवअधिकारमैत्री बजेट योजनातर्जुमा बैठकहरु झापाको डाँगीबारी गाविसमा ०६९ पुस २५ गते, चारपाने गाविसमा पुस २४ गते र घैलाडुब्बा गाविसमा ०६९ मङ्सिर २६ गते सम्पन्न भए। सबै कार्यक्रममा गाविस सचिव, राजनीतिक दल, प्रहरी, प्रशासन र स्थानीय संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो।

## स्थलगत अनुगमन

मानसिक सन्तुलन बिग्रिएर चौध वर्षदेखि फलामे साङ्गोमा बाँधिएका मोरङ मृगौलिया गाविस-४ करैवनाका ३८ वर्षीया सीताराम घिमिरे(टाइसन)लाई अधिकारकर्मीहरुको एक टोलीले स्थलगत अध्ययनपछि ०६९ पुस ४ गते उद्धार गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय प्रमुख कोषराज न्यौपानेको अगुवाइमा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापा, मोरङ जिल्ला जनस्वास्थ्य कार्यालयका प्रतिनिधि बिमल अधिकारी, पत्रकारद्वय गणेश लम्साल र आशिष विक संलग्न टोलीले धिमिरेको उद्धार गरेको थियो। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। सो प्रतिष्ठानका निर्देशक अरविनकुमार सिन्हाले पीडितको निःशुल्क उपचार गने बताएका थिए। अधिकारकर्मीको टोलीले विरामी कुरुवाका लागि सहयोगस्वरुप ११ हजार रुपियाँ उपलब्ध गराएको थियो। पीडितलाई घरपरिवारले आर्थिक अभावका कारण उपचार गर्न नसकेर फलामे साङ्गोमा बाँधेर राखेका थिए।

## मानवअधिकार वर्षपुस्तक पूर्वसमीक्षा

नेपाल मानवअधिकार वर्षपुस्तक पूर्वसमीक्षा कार्यक्रम पूर्वाञ्चलका सबै जिल्लामा ० ६९ मङसिर २५ गतेदेखि पुस१४ गतेसम्म सम्पन्न भए। कार्यक्रममा प्रहरी, प्रशासनिक निकायका प्रमुख तथा प्रतिनिधि, मानवअधिकार तथा सामाजिक स ंघसंस् था प्रतिनिधि तथा पत्रकारहरुको सहभागिता रहेको थियो। सबै कार्यक्रममा महिला १ सय ४४, पुरुष ४ सय ३४ र तेस्रो लिंगी १ गरी कुल ५ सय ७९ जनाको सहभागिता रहेको थियो।




कार्यक्रमका सहभागीहरुले वर्षपुस्तक नेपालको मानवअधिकार अवस्था देखाउने दस्तावेज भएकाले यसमा जिल्लाका मानवअधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी सबै जानकारी समेटिनुपर्ने बताएका थिए।

# नेपालमा पहिलो मानवअधिकार समाचार अनलाइन




## नेपाली र अंग्रेजीमा

## www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको
ताजा जानकारी लिनुहोस् ।

